# बेलवारी नगरपालिका
# मर्मत संभार कोष संचालन कार्यविधि, २०७४

*प्रमाणिकरण मिति २०७४।९।२*

**प्रस्तावना :**

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको पहूँच ग्रामीण क्षेत्रसम्म पुर्‍याउने नगरपालिकाको लक्ष्य पनि हो । नगर क्षेत्रमा सडकहरुको ट्रयाक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेलवारी नगरकार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद – १ (एक)

### १. संक्षिप्त नाम र प्रारंभ :

क) यो निर्देशिकाको नाम "मर्मत सभार कोष संचालन निर्देशिका २०७४" रहने छ ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ ।

### २. परिभाषा :

क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७४ लाई बुझाँउने छ ।

ख) "नगरपालिका" भन्नाले बेलवारी नगरपालिका बुझाँउने छ ।

ग) "स्थानीय तह " भन्नाले बेलवारी नगरपालिकालाई बुझाँउने छ ।

घ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाँउने छ ।

## परिच्छेद – २ (दुई)

### ३. व्यवस्थापन समिति

**क)** मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छ :

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | अध्यक्ष |
| २ | पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३ | वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ५ | नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सहित समितिले तोकेको २ जना | सदस्य |

६ पुर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद तीन

### ४. कोष स्थापना :

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) नगरसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

ज) विविध ।

### ५. कोष सञ्चालन

क) कोषको नाममा प्राप्त हुन आएको रकम बेलवारी नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद – ४ (चार)

### ६. कोषको खर्च प्रणाली

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१) सडक, कल्भर्ट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य ।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४)	सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

## ७. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क)	सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख)	नगर यातायात गरुयोजना MTMP मा परेका सडकहरु ।

ग)	भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ)	लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

ङ )	मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

च)	सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

छ)	दुई वा दुई भन्दा वढि स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पैनी, बाँध आदी ।

## ८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :

नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

# परिच्छेद – ५ (पाँच)

## ९.	संसोधन वा खारेजी :

क)	मर्मत सम्भार कोष संचालन निदेर्शिका संसोधन वा खारेज गर्नु परेमा नगरकार्यपालिकाबाट हुनेछ ।

ख)	यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग)	यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।